# <u>नेपाल भौगर्भिक समाजको विधान २०३७ मा संशोधन गर्न तयार पारिएको तीन महले फाराम</u>

| क्र. स. | धारा | बिध्यमान व्यबस्था | प्रस्ताबित व्यबस्था | संशोधन गर्नुपर्नाको विवरण |
|---|---|---|---|---|
| १. | २ | २. (क) संस्थाको कार्यालय रहने ठेगानाः यस सस्थाको कार्यालय काठमाण्डौं महानगरपालिका, वार्ड नं २, पो.ब. २३१ मा रहनेछ ।<br><br>(ख) संस्थाको कार्य क्षेत्रः यस नेपाल भौगर्भिक समाजको कार्यक्षेत्र काठमाण्डौं जिल्लामा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्य भित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।<br><br>(ग) संस्थाको अस्तित्वः यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित गैर-नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन । | <u>मूल विधानको धारा २ मा संशोधन:</u><br><br>२. (क) संस्थाको कार्यालय रहने ठेगानाः यस सस्थाको <u>संघिय</u> कार्यालय काठमाण्डौं महानगरपालिका, वार्ड नं २६~~, पो.ब. २३१~~ मा रहनेछ।<br><br>(ख) संस्थाको कार्य क्षेत्रः यस नेपाल भौगर्भिक समाजको कार्यक्षेत्र काठमाण्डौं जिल्लामा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित निकाय (प्रदेश वा स्थानिय ~~निकाय~~ तह) को स्वीकृति लिई नेपालभित्र कार्यक्षेत्र विस्तार गरिनेछ ।<br><br>(ग) संस्थाको अस्तित्वः यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित गैर-नाफामूलक, गैर राजनीतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ । ~~संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।~~ | पत्राचारका लागि अन्य संचार माध्यम पनि प्रयोग हुने आधुनिक परिवेशमा पो. ब. वा अन्य माध्यमहरुको विधानमा उल्लेख गरि रहनु समय सान्दर्भिक नदेखिएकाले ।<br><br>देशमा लागु भएको संघियताको आधारमा कार्यक्षेत्र विस्तार गर्नुपर्ने भएकाले ।<br><br>गैर–नाफामूलक संस्थाको रुपमा परिभाषित गरिएकाले हटाईएको तथा आवश्यकता पर्दा पेशासँग सम्बन्धित परामर्श राज्य अथवा अन्य निकायलाई प्रदान गर्नु यो संस्थाको दायित्व भएकाले । |

# नेपाल भौगर्भिक समाजको विधान २०३७ मा संशोधन गर्न तयार पारिएको तीन महले फाराम

| | | | | |
|---|---|---|---|---|
| **क. स** | **धारा** | **विद्यमान व्यवस्था** | **प्रस्तावित व्यवस्था** | **संशोधन गर्नुपर्नाको विवरण** |
| २. | ३ | **३. परिभाषाः**<br>(क) "विधान" भन्नाले नेपाल भौगर्भिक समाजको विधान २०३७ लाई सम्झनुपर्छ ।<br>(झ) “स्थानीय निकाय” भन्नाले गा.वि.स., महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र जि.वि.स. लाई जनाउनेछ । | **मूल विधानको धारा ३ मा संशोधन :**<br>(क) "विधान" भन्नाले नेपाल भौगर्भिक समाजको विधान २०३७, (**संशोधन**) **सहितको** लाई सम्झनुपर्छ ।<br>**धारा ३ को उपधारा (झ) मा संशोधन :**<br>(झ) “स्थानीय ~~निकाय~~ तह” भन्नाले **गाउँपालिका,** ~~गा.वि.स.,~~ नगरपालिका र ~~जि.वि.स.~~ जि. स.स. लाई जनाउनेछ । | - नेपालको संविधान २०७२ बमोजिम संशोधित । |
| ३. | ५ | **उद्देश्य** | **धारा ५ को उपधारा १३ पछि निम्नानुशारको उपधारा १४ थप गरिएको छ।**<br>“(१४) भौगर्भिक विज्ञानसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेशागत एवं अनुसन्धानमूलक संस्थाहरुसँग साझेदारी तथा सहकार्य गर्ने साथै पेशागत शेवा समेत प्रदान गर्ने ।”<br>**उपधारा १४ लाई उपधारा १५ बनाउने।** | समाजसँग आवद्ध दक्ष जनशक्तिको दक्षता अभिवृद्धि गर्दै भू-विज्ञान तथा देशको समग्र विकासमा योगदान गर्ने उद्देश्यका लागि थप गरिएको । |

# नेपाल भौगर्भिक समाजको विधान २०३७ मा संशोधन गर्न तयार पारिएको तीन महले फाराम

| | | | | |
|---|---|---|---|---|
| ४. | ७ (सदस्यता) | **(१) सदस्य :**<br><br>क. भौगर्भिक विज्ञानमा कम्तीमा मास्टर्स डिग्री, माईनिङ इन्जिनियरिङ्गमा ब्याचलर्स डिग्री, जियोटेक्निकल इन्जिनियरिङ्गमा माष्टर्स डिग्री, वातवरणीय इन्जिनियरिङ्गमा ब्याचलर्स डिग्री, वा सो सरहको उपाधी प्राप्त गरेको व्यक्ति ।<br><br>ख. धारा (७-२) क) मा उल्लेखित विषयमा ब्याचलर्स डिग्री वा सो सरहको उपाधी प्राप्त गरेको र कम्तीमा ५ वर्ष अटूटरूपमा समाजको सह-सदस्य रही सकृयता साथ काम गरेको व्यक्ति । तर त्यस्तो सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाको बहुमतबाट मात्र प्रदान गर्न सकिनेछ । | **धारा ७ को उपधारा १(क) मा संशोधन**<br>क. नेपाल सरकारबाट मान्यता प्राप्त नेपाल ईञ्जिनियरिङ्ग सेवा अन्तर्गत जियोलोजि समूहको उपसमूहहरु जनरल जियोलोजि, ईञ्जिनियरिङ्ग जियोलोजि र हाईड्रोजियोलोजि सम्बन्धि विषयमा कम्तिमा माष्टर्स डिग्री गरेको वा सो सरहको उपाधि प्राप्त गरेको व्यक्ति, माईनिङ इन्जिनियरिङ्गमा ब्याचलर्स डिग्री, जियोटेक्निकल इन्जिनियरिङ्गमा माष्टर्स डिग्री, ~~वातवरणीय इन्जिनियरिङ्गमा ब्याचलर्स डिग्री~~, ~~वा सो सरहको उपाधी प्राप्त गरेको व्यक्ति~~ ।<br><br>**धारा ७ को उपधारा १(ख) मा संशोधन**<br>धारा (७-२) क) मा उल्लेखित विषयमा ब्याचलर्स डिग्री वा सो सरहको उपाधी प्राप्त गरेको, भौगर्भिक विज्ञानमा पुरानो शिक्षा प्रणाली अन्तर्गत २ वर्षे व्याचलर्स डिग्री प्राप्त गरी कम्तीमा ५ वर्षको कार्यानुभव हासिल गरेको र कम्तीमा ५ वर्ष अटूटरूपमा समाजको सह-सदस्य रही सकृयता साथ काम गरेको व्यक्ति । तर त्यस्तो सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाको बहुमतबाट मात्र प्रदान गर्न सकिनेछ | - विगतमा भौगर्भिक विज्ञानमा २ वर्षको ब्याचलर्स डिग्री रहेकोमा हाल ४ वर्षको ब्याचलर्स डिग्री कायम गरिएकोले समय सान्दर्भिक संशोधन गर्नुपर्ने देखिएको ।<br>- संबन्धित विषयमा न्यूनतम योग्यता हासिल गरी पर्याप्त पेशागत कार्यानुभव हासिल गरेको व्यक्तिलाई सह-सदस्यबाट सदस्यमा स्तरोन्नति गर्नु न्याय संगत भएको र पेशागत अनुभवका आधारमा यस्तो सदस्यता प्रदान गर्ने प्रचलन अन्य पेशागत संस्थाहरुमा पनि रहेकाले ।<br>- धारा ७ को उपधारा १(क) मा प्रस्तावित संशोधन बमोजिम उपधारा २ (क) मा संशोधन आवश्यक भएकाले । |

# नेपाल भौगर्भिक समाजको विधान २०३७ मा संशोधन गर्न तयार पारिएको तीन महले फाराम

| | | | | |
|---|---|---|---|---|
| | | **(२) सह-सदस्य :**<br>क. धारा ७-१) क) मा उल्लेखित तथा यससँग सम्बन्धित विषयमा ब्याचलर्स डिग्री (माईनिङ्ग इन्जिनियरिङ्ग र वातवरणीय इन्जिनियरिङ्ग बाहेक) वा सो सरहको उपाधि प्राप्त गरेको व्यक्ति । | **धारा ७ को उपधारा २(क) मा संशोधन**<br>क. धारा ७-१) क) मा उल्लेखित तथा यससँग सम्बन्धित विषयमा ब्याचलर्स डिग्री (माईनिङ्ग इन्जिनियरिङ्ग ~~र भौगर्भिक विज्ञानमा र वातवरणीय इन्जिनियरिङ्ग बाहेक) वा सो सरहको उपाधि प्राप्त गरेको व्यक्ति ।~~<br><br>**धारा ७ को उपधारा २ (ख) पछि देहायको उपधारा (ग) थप गरिएको छ**<br>ग. भूगर्भशास्त्र विषय लिई ४ वर्षे बि.एस्सी. गरेकोलाई २ वर्ष अटुट रुपमा सह-सदस्य भएपछि पूर्ण सदस्यको लागि योग्य मानिने छ ।<br>**धारा ७ को उपधारा ३ मा संशोधन**<br>कार्यकारिणी समितिले निर्धारित गरेको सम्पूर्ण शुल्क एक वर्षभित्रै बुझाउने धारा ७ ~~५~~ (१) मा उल्लेखित जुनसुकै सदस्यलाई आजीवन सदस्यता प्रदान गरिनेछ । तर यस्तो आजीवन सदस्यता शुल्क दश बर्षको सदस्यता शुल्कभन्दा कम हुने छैन । | |

| | | | | |
|---|---|---|---|---|
| | | **(३) आजीवन सदस्य :** कार्यकारिणी समितिले निर्धारित गरेको सम्पूर्ण शुल्क एक वर्षभित्रै बुझाउने धारा ५ (१) मा उल्लेखित जुनसुकै सदस्यलाई आजीवन सदस्यता प्रदान गरिनेछ । तर यस्तो आजीवन सदस्यता शुल्क दश बर्षको सदस्यता शुल्कभन्दा कम हुने छैन । | **उपधारा ४ थप** **(४) संस्थागत सदस्य :** नेपाल भौगर्भिक समाजको उद्देश्य तथा कार्यक्षेत्रसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने पेशागत एवं अन्य गैर सरकारी अध्ययन-अनुसन्धानमूलक संघ संस्थाहरुलाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ, तर यस्ता सदस्यहरुले संस्थाको निर्वाचनमा मतदान गर्न, उम्मेदवार बन्न र प्रस्तावक एवं समर्थक बन्न पाउने छैनन् । | - संस्थागत सदस्यताको लागि अनुरोध प्राप्त भएको तर विधानमा व्यवस्था नभएकाले थप गरिएको । |
| ५. | ८(२) | **८. सदस्यता प्रदान गर्ने अधिकारीः** (१) धारा ७-१) क),—२)क) तथा (३) अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिले प्रदान गर्नेछ । | **धारा ८ को उपधारा १ मा संशोधन** (१) धारा ७-१) क), ख), -२) क), (३) तथा (४)अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिले प्रदान गर्नेछ । | - धारा ७-१)ख) मा प्रस्तावित संशोधनमा आधारित । |

| | | | | |
|---|---|---|---|---|
| | | २) धारा ७-१) ख) तथा-२)ख) अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाले प्रदान गर्नेछ । | **धारा ८ को उपधारा २ मा संशोधन**<br>२) धारा ७~~-१) ख) तथा~~-२)ख) अन्तर्गत दिइने सदस्यता कार्यकारिणी समितिको सिफारिशमा साधारण सभाले प्रदान गर्नेछ । | |
| ६. | ९. | **९. सदस्यता प्राप्त व्यक्तिको अधिकार र कर्तव्य :**<br>१) समाजको सदस्यता प्राप्त गरेका सबै किसिमका सदस्य तथा धारा ११ मा उल्लेखित सममानित सदस्यलाई साधारण सभाको बैठकहरूमा भाग लिने, छलफल गर्ने तथा आफ्नो सुझाव दिने अधिकार हुनेछ ।<br>३) समाजको अनुरुपको कार्य गर्नु, प्रत्येक सदस्यता प्राप्त व्यक्ति तथा सम्मानित सदस्यको कर्तव्य हुनेछ। | **धारा ९ को उपधारा १ मा संशोधन**<br>१) समाजको सदस्यता प्राप्त गरेका सबै किसिमका सदस्य तथा धारा ११ मा उल्लेखित **सम्मानित** ~~सममानित~~ सदस्यलाई साधारण सभाको बैठकहरूमा भाग लिने, छलफल गर्ने तथा आफ्नो सुझाव दिने अधिकार हुनेछ ।<br>**धारा ९ को उपधारा ३ मा संशोधन**<br>३) समाजको **उद्देश्य** अनुरुपको कार्य गर्नु, प्रत्येक सदस्यता प्राप्त व्यक्ति तथा सम्मानित सदस्यको कर्तव्य हुनेछ। | - विधान छपाईका क्रममा भएका त्रुटिहरुको संशोधन । |
| ७. | १२ | **१२. साधारण सभा :**<br>(६) साधारण सभाको गणपूरक संख्या कम्तिमा ५१% हुनु पर्नेछ । | **धारा १२ को उपधारा ६ मा संशोधन**<br>(६) साधारण सभाको गुणपूरक संख्या **सदस्य संख्याको** कम्तिमा ५१% हुनु पर्नेछ । **तोकिएको** | - थप स्पष्ट पारिएको |

| | | | | |
|---|---|---|---|---|
| | | (१०) धारा १० को प्रयोजनको लागि साधारण सभाको बैठकमा गणपूरक संख्याको गणना गर्दा बैठक बसेको समयमा नेपाल अधिराज्यभित्र उपस्थित समाजका सदस्यहरुको संख्यालाई लिईनेछ । | **स्थान र समयमा गणपूरक संख्याको अभावमा साधारण सभा हुन नसकेमा कम्तिमा दुई हप्तापछि अर्को साधारण सभा बोलाईनेछ, जसमा गणपूरक संख्याको बंदेज रहने छैन्** ।त्यस बैठकको उपश्थित संख्याको बहुमतले उक्त धाराहरु संशोधनको निर्णय गर्नु पर्छ ।<br><br>**धारा १२ को उपधारा १० हटाउने**<br><br>~~(१०) धारा ६ १० को प्रयोजनको लागि साधारण सभाको बैठकमा गणपूरक संख्याको गणना गर्दा बैठक बसेको समयमा नेपाल अधिराज्यभित्र उपस्थित समाजका सदस्यहरुको संख्यालाई लिईनेछ ।~~ | - उपधारा ६ को संशोधन पश्चात उल्लेखित प्रयोजनका लागि अन्य व्यवस्था आवश्यक नदेखिएकाले । |
| ८. | १३ | **१३. साधारणसभाको काम कर्तव्य र अधिकार**<br>(७) मनार्थ सदस्यता प्रदान गर्ने । | **धारा १३ को उपधारा ७ मा संशोधन**<br><br>(७) ~~मनार्थ~~ **सम्मानित** सदस्यता (Honarary Fellow) प्रदान गर्ने । | - मानार्थ सदस्यताको व्यवस्था विधानमा नरहेकाले । |
| ९. | १६ | **१६. पदाधिकारीहरूको अधिकार र कर्तब्यः**<br>(५) कोषध्यक्षः<br>(क) समाजको सम्पर्ण हिसाब राख्ने र साधारण सभाको वार्षिक बैठकमा आर्थिक प्रतिवेदन पेश गर्नेछ । | **धारा १६ को उपधारा ५-क) मा संशोधन**<br><br>(क) समाजको ~~सम्पर्ण~~ **सम्पूर्ण** हिसाब राख्ने र साधारण सभाको वार्षिक बैठकमा आर्थिक प्रतिवेदन पेश गर्नेछ ।<br><br>**धारा १६ को उपधारा ५-ख) को सट्टामा देहायको उपधारा ५-ख) राखिएको छ** | - त्रुटि सच्याईएको |

| | | | | |
|---|---|---|---|---|
| | | ख) महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरवाट संचालन हुने गरी नेपाल भौगर्भिक समाजको नाममा कुनै स्थानिय बैंकमा खोलिएको खाता संचालन गरिनेछ । तर आवश्यक परेमा कार्यकारिणी समितिको अन्य कुनै पदाधिकारीहरुको संयुक्र हस्ताक्षरबाट समाजको नाममा खाता संचालन गर्न सकिनेछ । | ख) ~~महासचिव र कोषाध्यक्षको संयुक्त हस्ताक्षरवाट संचालन हुने गरी नेपाल भौगर्भिक समाजको नाममा कुनै स्थानिय बैंकमा खोलिएको खाता संचालन गरिनेछ । तर आवश्यक परेमा कार्यकारिणी समितिको अन्य कुनै पदाधिकारीहरुको संयुक्र हस्ताक्षरबाट समाजको नाममा खाता संचालन गर्न सकिनेछ ।</br>~~<br>समाजको चल अचल सम्पतिको साथै कोष तथा लेखा सम्बन्धि सम्पूर्ण कुराको अद्यावधिक अभिलेख राख्ने । | - खाता संचालन सम्बन्धि व्यवस्था विधानको धारा २१ मा छुट्टै उल्लेख गरिएकोले तथा उक्त धारासँग नबाझिने गरि संशोधन गरिएको । |
| १० | १७ | सदस्यता खारेज हुने अबस्था | ७. संस्थागत सदश्यले बार्षिक रुपमा नियमित नबिकरण शुल्क नबुझाएमा | - संस्थागत सदश्यको नया प्रस्ताव गरेकाले खारेजिको पनि विधानमा व्यवस्था नभएकाले थप गरिएको । |
| ११. | १८ | **१८. लेखा परीक्षण :**<br>(१) संस्थाको आय-व्ययको लेखा प्रचित कानून बमोजिम स्पष्ट तवरले राखिने छ,<br>(४) लेखा परीक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ। तर प्रथम साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ, | **धारा १८ को उपधारा १ मा संशोधन**<br>(१) संस्थाको आय-व्ययको लेखा ~~प्रचित~~ **प्रचलित** कानून बमोजिम स्पष्ट तवरले राखिने छ,<br>**धारा १८ को उपधारा ४ मा संशोधन**<br>(४) लेखा ~~परीक्षणको~~ **परीक्षकको** नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ, | - त्रुटि सच्याईएको<br>- त्रुटि सच्याईएको |
| १२. | २० | **२०. निर्वाचन:**<br>(४) सामान्यतया निर्वाचन हरेक दुई वर्षको | **धारा १८ को उपधारा ४ मा संशोधन**<br>(४) सामान्यतया निर्वाचन हरेक दुई वर्षको अगष्ट | - त्रुटि सच्याईएको |

# नेपाल भौगर्भिक समाजको विधान २०३७ मा संशोधन गर्न तयार पारिएको तीन महले फाराम

| | | | | |
|---|---|---|---|---|
| | | अगष्ट महिनामा हुनेछ । तर अगष्ट महिनाको आखिरी दिनसम्म पुरानै पदाधिकारीहरुको पदावधि कायम रहनेछ र नवनिर्वाचित पदाधिकारीहरुको पदावधि सेप्टेम्बर महिनाको पहिलो दिनदेखि शुरु हुनेछ । निर्वाचन परिमाणको घोषणा भएको मितिदेखि ७ दिनको वा पहिलो सेप्टेम्बर अघिसम्मको अवधि बर-बुझारथको अवधि हुनेछ । यस्तो अवधिमा कार्यकारिणी समितिको बैठक नव निर्वाचित कार्यकारिणी समितिले समेत भाग लिएको संयुक्त बैठक हुनेछ । | महिनामा हुनेछ । तर अगष्ट महिनाको आखिरी दिनसम्म पुरानै पदाधिकारीहरुको पदावधि कायम रहनेछ र नवनिर्वाचित पदाधिकारीहरुको पदावधि सेप्टेम्बर महिनाको पहिलो दिनदेखि शुरु हुनेछ । निर्वाचन ~~परिमाणको~~ परीणामको घोषणा भएको मितिदेखि ७ दिनको वा पहिलो सेप्टेम्बर अघिसम्मको अवधि बर-बुझारथको अवधि हुनेछ । यस्तो अवधिमा कार्यकारिणी समितिको बैठक नव निर्वाचित कार्यकारिणी समितिले समेत भाग लिएको संयुक्त बैठक हुनेछ । | |
| १३. | २१ | **२१. खाता संचालन :** संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको (अनिवार्य) आवश्यकता अनुसार महासचिव वा उप-सचिव मध्ये कुनै एकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरीने छ । | **धारा २१ मा संशोधन** संस्थाको बैंक खाता कोषाध्यक्ष(अनिवार्य) र अध्यक्ष वा महासचिव मध्ये कुनै एकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको स्रेस्ता राख्ने व्यवस्था गरीने छ । | - थप स्पष्ट पारिएको र त्रुटि सच्याईएको |
| | | | | |